## विवाहित क्लर्क युवतीको डायरी : अन्य पुरुषमा

कि उसलाई दफ्तर जानु पर्छ :

चोक बजार, बाहिर हुँदै कार्टरोड जानुपर्छ
चुला चौका र घरको चिन्ताले व्याकुल उसलाई
सधैँ बीच ट्राफिकमा
(ट्राफिक पुलिसले हेर्दाहेर्दै पनि )
यौटा मृत्युजस्तो गाडीले हेपेर किच्नु खोज्दछ !

कि उसलाई बाटोबाटै
हजार साँढेका आँखाले खेद्छन्
हजार दोकानेले उधारो दिनु डाक्दछन्
हजार बलिष्ठ बाहुले सहानुभूति दिन बढ्दछन् !

यसकारण ऊ सधैँउसको
फक्रन नपाएको पनि मातृत्व
सारीको फेरमा गाँठो पारेर भाग्दछे
भाग्दछे ऊ बीच ट्राफिकमा

अनि त
बीच ट्राफिकमा
यौटा मृत्युजस्तो गाडीले झण्डैले किच्दछ !

उसको स्वाभिमानमा चोट लाग्दछ.....
च्याप्दछे जतनले झण्डै खसेको "भेनीट" लाई
त्यसभित्र अस्वस्थ उसको लोग्नेको तस्वीर हुन्छ,
उसको मर्मत गर्दै गरेको यौटा घर हुन्छ !

कि उसलाई दफ्तरभित्र
(नाङलोमा केलाउन राखिएका) चामलका
दाना जत्रा जत्रा
फाइलको एकेक वटा अक्षरहरु
खेलाइरहनु मनपर्छ, पकाइरहनु मनपर्छ !

अनि त,
उसलाई कहिले काहीँ
पेपरवेटले थिचेर तह लाएको कागतका पन्नाझैँ
उसको यो जिन्दगीलाई पनि कसैको
मायाले थिची सम्हाली राखेझैँ लाग्छ !

तर बेला-बेला जब
झस्केर टाइपको कर्कश ध्वनिले
अपर्झट ऊ यताउता हेर्दछे .....कसैले हा..ई काढ्ने निहुँ गरी
कसैले फाइल साट्ने निहुँ गरी
अन्य क्लर्कहरुका भोकाएका दृष्टिले सदाचारको प्लेटमा राखेर लुछीलुछी खाइबस्छन्...
उसका ओठ, गाला, मासु र बाध्यतालाई
अनि त उसलाई
त्यसै पनि जथाभावि मर्नु मन पर्छ !

कि उसलाई दफ्तरबाट फर्किदा ...

सेठ-साहुदेखि मााात्र नभई आफन्तदेखि समेत
भागीभागी हिँड्नु पर्छ

नत्र चोक बजार बीचमा
सब्जी दोकानमा, कपडा दोकानमा
मारवाडीले थानबाट कपडा च्यात्दै बेचेजस्तो

आफन्तहरू पनि
सहानुभूतिका दुईचार टुक्रा....
बिमार, अशक्त लोग्नेको विषय
दुई चार बिझाउने कुराहरु......

च्यातेर,
उसलाई बेच्न खोज्दछन् !

अनि त उसको अघिल्तिर.....
हज्जार घर भत्किन्छन !
अनि त उसको अघिल्तिर.....
हज्जार लोग्ने मर्दछन् !

निधार छामी दौडन्छे.......घरतिर
ऐंठन पर्न खोजिरहेको हुन्छ, सास थुनिरहेको हुन्छ
हो, प्रत्येक स्वास्नीले,
लोग्नेलाई दिउँसोमा सिँगारेको हुन्छ !

अनि त
बीच ट्राफिकमा
उधारो खाईखाई बचाइराखेको
उधारो उसको जिन्दगीलाई.....

यौटा मृत्युजस्तो गाडीले झण्डैले किच्दछ !

तर, उसलाई
दफ्तर जानुपर्छ
अनि, यौटा मृत्युजस्तो गाडीले हेपेरै किच्न खोज्दछ !